सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १६९ ♦ २०८० साल फागुन २८ गते सोमवार ♦ 11 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## सम्सीका पूर्वअध्यक्ष र निमित्त प्रमुख प्रशासकीय अधिकृत सहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

धवेन्द्रकुमार यादव 'यदुवंशी'

फागुन २७ गते, महोत्तरी




महोत्तरीको सम्सी गाउँपालिकाका पूर्वअध्यक्ष शेष फारुक, निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहिबुल अन्सारीसहित १० जनाविरुद्ध आरोपपत्र दायर भएको छ ।

गाउँपालिकाको वडा नम्बर ६ मा आर्थिक वर्ष २०७७र०७८ मा बनाइएको सडक ढलान, पीसीसी ढलानसमेतका योजनामा स्थायी इञ्जिनियरबाट कामकाज नगराई करारको इञ्जिनियरबाट इष्टिमेट र मूल्याङ्कन गराएर अनियमितता गरेको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेको हो ।

नक्कली नापी किताब, बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, साथै प्रतिवादी ओमकुमार महतोले बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाहदेखि उमरपुर चौकसम्म योजनाको बिलअनुसार भुक्तानी प्रक्रिया अगाडि बढाउन ४ लाख ३ हजार ५८१ रकम भुक्तानी दिएको भन्दै गैरकानूनी कार्य गरेको पाइएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

फारुक २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा नेकपा ९माओवादी केन्द्र० बाट गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए । यद्यपि पछि उनी नेकपा माओवादी केन्द्रको कार बाहीमा निर्वाचन आयोगबाट पदमुक्त भएका थिए । उनलाई निर्वाचन आयोगले गाउँपालिका अध्यक्षबाट पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएपछि पुनर्वहाली भएका थिए ।

## घुसको रकम सहित एक प्रहरीको असई र एक हवल्दार रंगे हात पक्राउ



खबर दर्पण समाचारदाता

फागुन २७ गते, बर्दिवास

महोत्तरीमा २० हजार घुसको रकम सहित एक प्रहरीको असई र एक हवलदारलाई रंगे हात पक्राउ गरिएको छ। गौशाला नगरपालिका १२ स्थित प्रहरी चौकी कान्तिबजारका इन्चार्ज प्रहरी सहायक निरिक्षक शर्मा प्रसाद यादव र हवल्दार मंजित कुमार झालाई २० हजार र कम सहित रंगे हात पक्राउ गरिएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बर्दिवासका अनुसार गौशाला नगरपालिका १२ स्थित गैरीटोल भन्दा पुर्व उतरपट्टी मुसहर बस्ती जाने बाटोमा उभि रहेको अवस्थामा गोप्य सुचनाको आधारमा चेकजाँच गर्दा हवल्दार मंजित कुमार झाको पकेटबाट २० हजार रकम फेला परेपछि पक्राउ गरेको अख्तियारको कार्यालयले जनाएको छ ।

उनिहहरुलाई जग्गाको भोग चलन सम्बन्धि विवाद मिलाई दिन्छु भन्दै सेवाग्राहीसंग लिएको २० हजार घुस रकम सहित पक्राउ गरिएको अख्तियारको कार्यालयले जनाएको छ। घटना बारे थप अनुसन्धान भईरहेको अख्तियारका कार्यालय बर्दिवासले जनाएको छ।

## एक पुरुष द्धारा श्रीमतीको हत्या

सिरहा नगरपालिका ६ बसपिट्टामा धारिलो हतियार प्रहार गरी एक पुरुषले श्रीमतीको हत्या गरेका छन् ।

स्थानीय राम उदगार साहले ६० वर्षीया श्रीमती निर्मला शाहको हत्या गरेका हुन् । निर्मलाको हत्या गरिएको अबस्थामा शव खेतमा फेला परेको सिरहाका प्रहरी प्रमुख एसपी सन्तोष आचार्यले जानकारी दिए ।

उनले घरायसी विवादमा राम उदगारले श्रीमतीको हत्या गरेको बताए । हत्या आरोपमा राम उदगारलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको उनको भनाइ छ ।

दुई दिन अगाडि सिरहाको गोलबजारमा पनि घरायसी विवादमै एक पुरुषले श्रीमतीको हत्या गरेका थिए ।-खबर दर्पण

## धर्मलाई राजनीतिबाट टाढा राख्नुपर्छः प्रथम राष्ट्रपति यादव

खबर दर्पण समाचारदाता

फागुन २७ गते, महेन्द्रनगर

प्रथम राष्ट्रपति डा. रामवरण यादवले धर्मलाई राजनीतिबाट टाढा राख्नुपर्ने बताएका छन् । मिथिला मध्यमा परिक्रमाको उद्घाटन गर्दै प्रथम राष्ट्रपति यादवले धर्मलाई राजनीतिसँगै जोडेर हेर्ने परिपाटीका कारण समाज विखण्डनतर्फ बढिरहेको भन्दै चिन्ता व्यक्त गरे । धार्मिक

बाँकी पृष्ठ २ मा





सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- ✓ पत्रिका
- ✓ क्यालेण्डर
- ✓ रजिष्टर, डाइरी
- ✓ किताब
- ✓ परीक्षा कपी
- ✓ पर्चा पम्पलेट
- ✓ बिल, भाउचर,



- ✓ स्क्रिन प्रिन्ट
- ✓ विवाह कार्ड
- ✓ प्रमाण पत्र
- ✓ भिजिटिङ्ग कार्ड
- ✓ झोला प्रिन्ट
- ✓ रबर स्टाम्प



- ✓ फ्लेक्स प्रिन्ट
- ✓ ब्यानर प्रिन्ट
- ✓ होर्डिङ्ग बोर्ड
- ✓ स्टिकर
- ✓ फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# प्रधानमन्त्री दाहालले फागुन ३० मा विश्वासको मत लिने

**खबर दर्पण समाचारदाता**

**फागुन २७ गते, बर्दिवास**

प्रधानमन्त्री पुष्पकमल दाहालले फागुन ३० गते विश्वासको मत लिने भएका छन् । प्रतिनिधिसभाको आगामी बैठक फागुन ३० मा प्रधानमन्त्री दाहालले विश्वासको मत लिनका लागि व्यवस्था मिलाउन संघीय संसद्रु सचिवालयलाई पत्र पठाएका हुन् ।

सभामुख देवराज घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार प्रधानमन्त्री कार्यालयबाट आइतबार संसद् र सचिवालयमा पत्र आइपुगेको छ ।

फागुन २१ गते कांग्रेसँगको गठबन्धन तोडेर दाहालले एमाले लगायत दलहरुसँग नयाँ गठबन्धन बनाएका थिए । फागुन २२ मा कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि दाहालले संविधानको धारा १०० उपधारा २ अनुसार विश्वासको मत लिन लागेका हुन् । संविधानमा सरकारलाई समर्थन गरेको दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मत लिने व्यवस्था छ ।

१४ महिनायता उनले विश्वासको मत लिन थालेको यो तेस्रो पटक हो । यसअघि गत वर्षको पुस २६ मा पहिलो पटक र चैत ६ मा दोस्रो पटक दाहालले विश्वासको मत लिएका थिए ।

## विश्वासको मत लिँदै दाहाल

विश्वासको मतका लागि दाहालले माओवादी केन्द्रको संसदीय दलबाट ह्विप जारी गर्ने निर्णय गराएका छन् भने सत्ता साझेदार दलहरूसँग छलफल तीव्र पारेका छन् । शनिबार बसेको दलको बैठकमा उनले साझेदार दलहरूसँग छलफल गरिरहेको जानकारी गराएका थिए । विश्वासको मत लिएपछि मात्रै सदनमा महत्त्वपूर्ण विधेयक अगाडि बढाउने र प्रतिनिधिसभामा पेस भएको आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता (प्रि-बजेट) माथि छलफल चलाउने तयारी रहेको प्रधानमन्त्रीले बताएका थिए ।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले संविधानको व्यवस्थाअनुसार प्रधानमन्त्रीले



विश्वास लिन लागेको र सोहीअनुसार सांसदहरूका लागि ह्विप जारी गर्ने निर्णय गरेको बताए । 'प्रतिनिधिसभामा विश्वासको मत र राष्ट्रिय सभामा अध्यक्षको निर्वाचन हुँदै छ । त्यो बेला हाम्रो दलका सांसदको अनिवार्य उपस्थितिका लागि ह्विप जारी गर्ने निर्णय गरेका छौं,' उनले भने ।

बैठकमा प्रधानमन्त्री दाहालले सत्ता साझेदार दल फेरिएपछि राजनीतिक चलखेल जारी रहेको बताएका थिए । विश्वासको मत नलिएसम्म प्रमुख प्रतिपक्षलगायतले विश्वासको मत असफल पार्ने प्रयास जारी राख्ने उनको भनाइ थियो । दाहालको भनाइ उल्लेख गर्दै एक सांसदले भने, 'विश्वासको मत नलिँदासम्म प्रधानमन्त्री पद बाँडिरहन्छन् । विश्वासको मत लिनका लागि सबै सक्रियतापूर्वक लागौं ।' विश्वासको मत लिएर संक्रमणकालीन न्यायसँग सम्बन्धित कानुन, निजामती विधेयक, संवैधानिक परिषद्सँग सम्बन्धित विधेयक, प्रि-बजेट छलफल सदनमा अगाडि बढाउने प्रधानमन्त्रीले बताएका थिए ।

प्रधानमन्त्री दाहालले संविधानको धारा १०० (२) अनुसार प्रतिनिधिसभाबाट विश्वासको मत लिन लागेका हुन् । 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्नेछ,' उक्त धारामा उल्लेख छ । कांग्रेसले फागुन २२ मा दाहाल सरकारलाई दिएको विश्वासको मत फिर्ता लिएको थियो ।

दाहालले तेस्रो पटक विश्वासको मत लिने तयारी गरिरहेका बेला उनको पक्षमा हालसम्म एमाले, माओवादी, रास्वपा, जसपा, एकीकृत समाजवादी र स्वतन्त्र सांसद अमरेशकुमार सिंहसमेत गरी १५३ सांसद देखिएका छन् । कांग्रेससँगै राप्रपा, जनमत, लोसपा, नागरिक उन्मुक्ति, जनमोर्चा, नेमकिपा, आमजनता पार्टी गरी ११९ सांसद विपक्षमा छन्। कांग्रेस र एमालेका १-१ सांसद निलम्बनमा छन् भने इलाम-२ बाट निर्वाचित सांसद सुवासचन्द्र नेम्वाङको निधनपछि रिक्त छ । विश्वासको मत प्राप्त गर्न प्रतिनिधिसभामा तत्काल कायम रहेका सांसदहरुको संख्यामध्ये बहुमतले प्रधानमन्त्रीको पक्षमा मत दिनुपर्नेछ ।

## धर्मलाई राजनीतिबाट ......

कार्यक्रममा समेत राजनीति गर्नेहरुलाई सामिल गराउँदा धर्ममा पनि राजनीतिको प्रभाव बढ्दै गइरहेको यादवको भनाइ छ ।

उनले धर्ममा राजनीति हुँदा समाजमा विकृति बढेको बताउँदै धामिक कार्यक्रममा समाज उत्थानका कुरा हुनुपर्ने उल्लेख गरे ।

उनले भने, 'धर्ममा पनि राजनीति हुँदा समाजमा विकृति बढ्दै गईरहेको छ । जसलाई हामीले रोक्नु पर्छ । धार्मिक कार्यक्रमहरुमा समाज उत्थानको कुरा हुनुपर्छ, समाजलाई कसरी जोड्ने त्यसतर्फ छलफल हुनुपर्छ न कि यस्ता कार्यक्रमहरुमा समेत नेता कार्यकर्ताहरुलाई बोलाएर तामझाम गर्नुपर्छ ।'

मधेस प्रदेशका उद्योग, पर्यटन तथा वातावरण मन्त्री सुनिता यादवले प्रदेश सरकार मधेसलाई धार्मिक पर्यटनको हवको रुपमा विकास गर्न तत्पर रहेको बताइन् । उनले मधेसलाई धार्मिक पर्यटनको हवको रुपमा विकास गर्न मिथिला मध्यमा परिक्रमा सहायक सावित हुनसक्ने बताउँदै यसका लागि प्रदेश सरकारले मास्टर प्लान बनाएर मिथिला मध्यमा परिक्रमाका पडाव स्थलहरुलाई व्यवस्थित तुल्याउनका लागि बजेट समेत छुट्याएको जानकारी दिइन् ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष**- सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन**- समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| ऑखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशमा नयाँ नेतृत्वको सरकार बनाउन जोखिम टर्‍यो

**खबर दर्पण समाचारदाता**

**फागुन २७ गते, महेन्द्रनगर**

मधेश प्रदेशमा नयाँ सत्ता गठबन्धनलाई सरकार बनाउन स्पष्ट बहुमत पुगेको छ। सङ्घमा बनेको नयाँ सत्ता गठबन्धन अनुसार मधेश प्रदेशमा मन्त्रिपरिषद पुनर्गठन वा नयाँ नेतृत्वको सरकार बनाउन जोखिम टरेको छ।

नयाँ सत्ता गठबनधमा नेकपा (एकीकृत समाजवादी)ले समर्थन जनाएपछि मधेश प्रदेशमा स्पष्ट बहुमत पुगेको हो।

सङ्घमा नयाँ सत्ता गठबन्धन बनेपछि मधेश प्रदेशमा पनि नयाँ सरकार वा मन्त्रिपरिषद पुनर्गठनबारे आन्तरिक पहल चलिरहेको छ। अहिलेको मन्त्रिपरिषदमा हेरफेर गरेर अहिलेकै नेतृत्वमा मन्त्रिपरिषद् पुनर्गठन गर्ने दाउमा जनता समाजवादी पार्टी नेपालको रणनीति रहेको एक स्रोतले बताएको छ। त्यस्तै, गठबन्धनका सहयात्री नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरुले आ–आफ्नो दलको नेतृत्वमा सरकार बन्नुपर्छ भने पहल गरिरहेका छन्।

सङ्घीय सरकारको मन्त्रिपरिषद्मा सहभागी जनाउन जनता समाजवादी पार्टी (जसपा) ले मधेश प्रदेश सरकारको नेतृत्व जसपाले पाउने निश्चित हुनुपर्ने माग अघि सारेको थियो। उक्त माग पूरा भएपछि मात्र मन्त्रिपरिषदमा जसपा सहभागी भएको एकथरीको बुझाइ रहेको छ। जसपाको यो मागको सुनिश्चिता गरेको वा नगरेको कुरा हालसम्म सार्वजनिक नभएको कारण के हुने हो, अन्योल कायमै रहेको छ।

राजनीतिककर्मीहरुबिच चौकचौराहा, पान पसल, चिया पसललगायतका स्थानमा मधेश प्रदेश सरकारको नेतृत्व परिवर्तन पनि हुन सक्ने चर्चा व्यापक छ। तर, नेतृत्व कुन दलको हुने नहुने कुरा कसैले भन्न सकिर हेको छैन।

सङ्घीय सरकारमा पाँच दलको गठबन्धन बन्दा मधेश प्रदेशमा नयाँ गठबन्धनका चार दलको मात्र उपस्थिति छ। यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थिति छैन। सङ्घमा नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र नेकपा (एकीकृत समाजवादी)को सत्ता गठबन्धन बनेको छ।

नेतृत्व परिवर्तन नभएमा मधेश प्रदेशमा नयाँ गठबन्धनमध्येका जनता समाजवादी पार्टी (जसपा) का मुख्यमन्त्री सरोजकुमार यादवलाई बहुमत पुग्छ। मधेश सभामा १०७ जना प्रदेश सभा सदस्य छन्। मधेशमा एमालेका सभामुखसहित २३, नेपाली कांग्रेसका २२, जसपाको १८, जनमत पार्टीका १३, माओवादी केन्द्र र लोसपाका नौ/नौ, नेकपा (एकीकृत समाजवादी) सात र स्वतन्त्र तीन सांसद र हेको प्रदेश सभा सचिवालयले जनाएको छ।

यस्तै, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, संघीय समाजवादी पार्टीका एक/एक सांसद छन्। स्वतन्त्रमध्येका एक साँसद अनिरुद्धप्रसाद सिंह जसपामा प्रवेश गरिसक्नु भएको छ। तर प्रदेश सभा सचिवालयलाई सो को जानकारी नगराएकोले स्वतन्त्रकै सूचीमा राखिएको छ। यो समेत जोड्दा जसपाको जम्मा १९ साँसद पुग्छ। मधेशमा सरकार गठनका लागि ५४ सांसदको समर्थन आवश्यक पर्छ। एमाले २३, जसपा १९, माओवादी केन्द्रको नौ, नेकपा(एस)को सात गरी ५८ सांसद पुग्छ। यसले सरकार बनाउन कुनै जोखिम रहेको छैन।

यता नेकपा एमाले मधेश प्रदेश संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले मधेश प्रदेश सरकार को नेतृत्व एमालेले पाउनु पर्ने हाम्रो दाबी रहेको बताउनुभयो। मधेशमा सबभन्दा ठूलो दल एमाले भएको र जसपाले नेतृत्व गरिसकेको हुँदा अब एमालेले नै नेतृत्व पाउनु पर्छ, उहाँले भन्नुभयो।

मधेश प्रदेशमा कसको नेतृत्वमा सरकार बनाउने वा अहिलेकै नेतृत्वलाई निरन्तरता दिने विषयमा आजसम्म कुनै सहमति भएको छैन, उहाँले भन्नुभयो, सङ्घीय सरकारले विश्वासको मत लिइसकेपछि मात्रै यहाँ केही हुने हो। नेतृत्वको निर्णय भने सङ्घीय गठबन्धनले नै गर्ने हो, उहाँले थप्नुभयो।

त्यस्तै, नेकपा माओवादी केन्द्र मधेश प्रदेश संसदीय दलका नेता भरतप्रसाद साहले जसपाले नेतृत्व गरिसकेकोले अब अन्य दलले अवसर पाउनुपर्ने बताउनुभयो। कसले पहिले नेतृत्व गर्ने वा यथावत रहने विषयमा केन्द्रले नै निर्णय गर्ने र सो निर्णय अनुसार नै हुने उहाँको कथन थियो।


## स्थानीय न्यायिक समितिको महत्व

-न्यायमा नागरिकको सहज र सरल पहुँच अभिवृद्धि गर्न।
-विवादको शीघ्र र सरल समाधान हुने।
-नियमित अदालतको कार्यबोझ घट्ने।
-अदालतमा मुद्दाको चापलाई कम गर्न।
-न्यायीक अधिकारको विकेन्द्रीकरण गर्न।
-कम खर्च र समयमा न्याय प्रदान गर्न।
-सामाजिक सद्भाव र सहिष्णुता बलियो बनाउन।
-सामान्य खालका मुद्दा र विवाद स्थानीय स्तरमा टुंगो लगाउन

बन्दना पाण्डे
उपाध्यक्ष तथा
न्यायिक समिति संयोजक

**पिपरा गाउँपालिका, महोत्तरी**

सडक हामी सबैको साँझा सम्पती हो। सडक सिमा अतिक्रमण नगरौं। सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं। निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं। सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं।

**औरही नगरपालिका**
**महोत्तरी**

**लागु पदार्थको सेवनबाट आफु पनी बचौ अरुलाई पनी बचाऔं**

लागु पदार्थको सेवनबाट आफु पनी बचौ अरुलाई पनी बचाऔलागु पदार्थको सेवनबाट हुँने शारीरिक असरः– एच.आई.भि./एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने,खानामा रूचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने ।

SAY NO TO DRUGS

मानसिक असरः– एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

मानसिक असरः– एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

पारिवारिक तथा सामाजिक असरः– पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने, अनैतिक कार्यमा संलग्न हुने भएकोले आजैदेखी लागु पदार्थको कुलत त्यागौ लागु औषाध बिरुद्धको अभियान सम्बृद्ध र सभ्य समाजको निर्माणमा लागौ ।

बर्दिवास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी, मधेश प्रदेश


स.क.प.आ.नं.: १९९२१ जि.प्र.का.द.नं ६६३/०६२/०६३

"समूदायको भावना, दिगो विकास तथा पारदर्शिताको चाहना"

**सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल**
(Community Development & Advocacy Forum Nepal)
**केन्द्रिय कार्यालय, वर्दिवास, महोत्तरी, नेपाल**
(Central Office, Bardibas, Mahottari, Nepal)

## होटल/खाजा घर र ल्यापटपको दरभाउ पत्र(कोटेशन) आव्हान

प्रथम पटक सुचना प्रकाशित मिति २०८०/११/२९

**समुह "क'**

सामूदायिक विकास तथा पैरवि मन्च नेपाल बर्दिबासले सेभ दि चिल्ड्रेनको साझेदारिमा संन्चालित स्पोन्सरसिप तथा पहूँच कार्यक्रम अन्तर्गत संचालन हूने तालिम, गोष्ठि र विभिन्न कार्यक्रमका लागि आवश्यक पर्ने खाना, खाजा ,बास तथा तालिम हलका लागि महोत्तरी र यस जिल्ला संग जोडिएका जिल्लाहरुमा संचालित होटल खाना, खाजा व्यबसायीहरुबाट यस सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/१२/१३ गते दिउँसो ४ बजे भित्रमा आवश्यक कागजपत्र(व्यबसाय दर्ताको प्रमाण पत्र, पान तथा भ्याटको प्रमाण पत्र, आ.व.२०७९/०८० कर चूक्ताको प्रमाण पत्र) संलग्न गरि शिलबन्दि दरभाउ पत्र माग गरिएको छ ।तसर्थ ईच्छूक होटल तथा खाना खाजा व्यबसायिहरुले यस संस्थाको निम्नानूसारको सम्पंक माध्यमबाट दरभाउ पत्र प्राप्त र दरभाउ पत्र पेश गर्न सकिने व्यहोरा समेत जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**समुह "ख'**

सामूदायिक विकास तथा पैरवि मन्च नेपाल बर्दिबासले सेभ दि चिल्ड्रेनको साझेदारिमा संन्चालित स्पोन्सरसिप तथा पहूँच कार्यक्रम अन्तर्गत ल्यापटप खरिद गर्नू परेकोले यस महोत्तरी र यस जिल्ला संग जोडिएका जिल्लाहरुमा संचालित ल्यापटप सप्लायर्स व्यबसायीहरुबाट यस सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र अर्थात मिति २०८०/१२/०५ गते दिउँसो ४ बजे भित्रमा आवश्यक कागजपत्र(व्यबसाय दर्ताको प्रमाण पत्र, पान तथा भ्याटको प्रमाण पत्र, आ.व..२०७९/०८० कर चूक्ताको प्रमाण पत्र) संलग्न गरि शिलबन्दि दरभाउ पत्र माग गरिएको छ ।तसर्थ ईच्छूक ल्यापटप सप्लायर्स व्यबसायीहरुले यस संस्थाको निम्नानूसार को सम्पंक माध्यमबाट दरभाउ पत्र प्राप्त र दरभाउ पत्र पेश गर्न सकिने व्यहोरा समेत जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ

**निम्न:**

**सम्पर्क ठेगाना** : सामूदायिक विकास तथा पैरवी मंच नेपालको परियोजना कार्यालय बर्दिबास,३ गौरिडाँडा
**सम्पर्क व्यक्ती** : खड्ग बहादूर बस्नेत (लजिष्टिक अफिसर)
**सम्पंक ईमेल** :khadga@cdafn.org.np
**सम्पंक नं.** : ९७६६३२५६१३

**नोट:** (क) दरभाउ पत्र यस संस्थाको कार्यालय बाट निशूल्क प्राप्त गर्न सकिनेछ ।
(ख) दरभाउ पत्र पेश गर्ने अन्तिम दिन भन्दा १ दिन अगाडि सम्म दरभाउ पत्र उपलब्ध गराईनेछ ।
(ग) दरभाउ पत्र बूझाउने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो दिनको भोलिपल्टको मितिलाई अन्तिम मिति गणना गरिनेछ ।
(घ) रित पूर्वक प्राप्त नभएका, आवश्यक कागजपत्र संलग्न नगरेका र म्याद नाघि प्राप्त भएका दरभाउ पत्र समावेश नगरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।

**सामाग्रि खरिद तथा व्यबस्थापन समिति**

Tel: +97744 -550285 , Mobile: +977-9854022997/9744003659
Email : nagdevyadav@gmail.com, cdafnmahottari@gmail.com

# मधेस सरकारको मुख्यमन्त्रीमा एमालेको दाबी



**खबर दर्पण समाचारदाता**
**फागुन २७ गते, रौतहट**

सत्ता गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा एमालेले मधेस प्रदेश सरकारको मुख्यमन्त्रीमा दाबी गरेको छ ।

रौतहटको चन्द्रनिगाहपुरमा आइतबार बसेको एमाले मधेश प्रदेश कमिटीको बैठकले मधेश सरकारमा आफ्नो दाबी पेस गर्ने गर्ने निर्णय गरेको हो ।

बैठकले त्यसबारे पार्टी केन्द्रीय कमिटी र नेताहरुलाई आग्रह गर्ने निर्णय गरेको छ। मधेसको प्रदेशसभामा पनि एमाले सबैभन्दा ठूलो दल हो ।

'प्रदेशमा एमाले नै सबैभन्दा ठूलो दल हो । त्यसकारण पनि यसपटक एमालेले मधेसको मुख्यमन्त्री पाउनुपर्छ भन्ने हिसावले हामीले निर्णय गरेका छौँ,' एमाले प्रदेश कमिटीका सचिव मनोज पौडेलले भने ।

उनका अनुसार बैठकले बर्तमान अवस्थामा केन्द्रमा नेकपा एमालेसहितको सत्ता समिकरण परिवर्तन भएको र मधेस प्रदेशमा एमाले सबैभन्दा ठूलो पार्टी भएको हुनाले प्रदेश सरकारको नेतृत्व गर्ने गरी आवश्यक पहलका लागि पार्टी केन्द्रलाई आग्रह गर्ने निर्णय गरेको हो ।

बैठकमा एमालेका केन्द्रीय सचिव एवं मधेश प्रदेश इन्चार्ज योगेश भट्टराईले नेकपा एमालेले कुनै पनि अवस्थामा मधेश प्रदेशमा आफ्नो दाबी छाड्न नहुने बताए । उनले त्यसका लागि आफूले पनि केन्द्रीय नेतृत्वसँग जोडदार पहल गर्ने प्रतिबद्धता जनाए ।

बैठकमा प्रदेशका नेताहरुले नेकपा एमाले पहलमा नयाँ सरकार बनेको र प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको एमाले सहितको सरकारले केही मात्रामा भएपनि जनतामा आशा जगाएको धारणा राखेका थिए ।

# तीन मधेश केन्द्रित दलबीच सात बुँदे सहमति



**खबर दर्पण समाचारदाता**
**फागुन २७ गते, बर्दिवास**

तीन मधेशकेन्द्रित दलहरूबीच सातबुँदे सहमति भएको छ । डा. सीके राउत नेतृत्वको जनमत पार्टी, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी र बृषेशचन्द्र लाल नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टीबीच सातबुँदे सहमति भएको हो ।

सहमतिपत्रमा संविधानको संशोधन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्ने, विद्यमान सबैखाले विभेदहरूलाई हटाउने, उत्पादनमुखी अर्थतन्त्रको स्थापना गर्दै राष्ट्रिय पुँजीको निर्माण गर्ने लगायतका बुँदाहरू छन् ।

# मन्त्रिपरिषद् थप विस्तार : जसपाका दुई मन्त्रीले लिए शपथ



**खबर दर्पण समाचारदाता**
**फागुन २७ गते, काठमाण्डौं**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मन्त्रिपरिषद् थप विस्तार गरेका छन् ।

आइतबार जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव र जसपाकै नवलकिशोर साह सुडीले मन्त्रीका शपथ ग्रहण गरेका छन् ।

उपेन्द्रले उपप्रधान एवम् स्वास्थ्य तथा जनसङ्ख्या र सुडीले वन तथा वातावरणमन्त्रीका रूपमा शपथ ग्रहण गरेका हुन् ।

यसअघि प्रधानमन्त्री प्रचण्डले नयाँ समीकरणअनुसार दुई चरणमा मन्त्रिपरिषद् पुनर्गठन गरिसकेका छन् । फागुन २१ मा तीन मन्त्रीले शपथ लिएका थिए भने दोस्रोपटक फागुन २३ मा १६ जना मन्त्री थपेका थिए ।

आइतवार यादव र सुडीले शपथ ग्रहण गरेसँगै मन्त्रिपरिषद् २२ सदस्यीय बनेको छ ।





## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्वारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

**तपसील**

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**
**सिट संख्या : २ जना (स्नातक तह)**
**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**
**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**
वर्दिवास, महोत्तरी
सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा